**तत्काल रिलीजको लागि**

**मिडिया सम्पर्क :** **रेनी मर्फी**
502.338.5377 (मोबाइल)
**मार्क हेबर्ट**
502.322.4565 (मोबाइल)

# JCPS ले सम्पर्क जानकारी अपडेट गर्न परिवारहरूलाई आग्रह गर्दै

### अप-टु-डेट इमेल र फोन नम्बरहरूले परिवारहरूलाई महत्त्वपूर्ण जानकारी प्राप्त गर्ने कुरा सुनिश्चित गर्छ

**जुलाई 29, 2020** - जेफरसन काउन्टी पब्लिक स्कूलहरू (JCPS) ले परिवारहरूलाई उनीहरूको सम्पर्क जानकारी अप-टु-डेट छ कि छैन, र तिनीहरू JCPS बाट टेक्स्ट मेसेजहरू प्राप्त गर्नको लागि दर्ता गरिएको छ कि छैन भनेर प्रमाणित गर्नको लागि आग्रेह गरिरहेको छ किनभने जिल्लाले गैर-पारम्परिक निर्देशन (NTI) शुरु गर्ने तयारी गर्दैछ।

अप-टु-डेट इमेल ठेगानाहरू र फोन नम्बर परिवारहरूको लागि महत्वपूर्ण हुनेछन् जुन आउँदो स्कूल वर्षको लागि Chromebook र / वा हटस्पट अनुरोध गर्नु पर्छ। विद्यार्थीको स्कूल र शिक्षकहरूबाट सञ्चारका लागि वैध इमेल वा फोन नम्बर आवश्यक पर्दछ।

जागिर परिवर्तन र घरबात काम गर्ने परिदृश्यहरूमा, अवस्थित इमेल ठेगानाहरू अब मान्य नहुन सक्छ। जिल्ला र स्कूल इमेलहरू र टेक्स्ट मेसेजहरू प्राप्त गरिरहेका परिवारहरूको लागि, अहिले केही कार्य गर्न आवश्यक छेन।

अभिभावक र संरक्षकहरूले JCPS बाट जानकारी प्राप्त गरिरहेको कुरा सुनिश्चित गर्न, तिनीहरूलाई निम्न कदमहरु चाल्नको लागि प्रोत्साहन गरिन्छ :

**तपाईंले टेक्स्ट मेसेजहरू प्राप्त गर्ने कुरा सुनिस्चित गर्नको लागि**, स्कूल मेसेन्जर विकल्पमा Y टाइप गरेर 67587 मा पठाउनुहोस्। तपाईंले टेक्स्ट मेसेजहरू प्राप्त गर्नको लागि यो प्रणालीमा छनौट ***गर्नुपर्छ***। JCPS सँग फाईलमा तपाईंको सहि फोन नम्बर भए तापनि, यदि तपाईंले स्कूल मेसेन्जर विकल्प छनौट नगर्नु भएमा टेक्स्ट मेसेजहरू प्राप्त गर्नुहुने छैन।

**जिल्ला र तपाईंको बच्चाको स्कूलबाट इमेलहरू प्राप्त गर्नको लागि**, हाम्रो JCPS प्रणालीमा तपाईंको हालको इमेल ठेगाना हुनुपर्छ। जानकारी अभिभावक पोर्टलमा अपडेट गर्न सकिन्छ। यदि तपाईंसँग प्यारेन्ट पोर्टल लगईन नभएमा, तपाईं यहाँ खाता सेट अप गर्न सक्नुहुन्छ।

यदि तपाईंसँग अवस्थित खाता छ भने, प्यारेन्ट पोर्टलमा जानुहोस् र "प्यारेन्ट पोर्टलमा लग गर्नुहोस्" मा क्लिक गर्नुहोस्।

1. क्याम्पस अभिभावक छान्नुहोस्
2. क्रेडेन्शियल (प्रयोगकर्ता नाम र पासवर्ड) लग इन गर्नुहोस्
    a. थप क्लिक गर्नुहोस्
    b. परिवार जानकारीमा क्लिक गर्नुहोस्
    c. अद्यावधिकमा क्लिक गर्नुहोस् (तपाईंको जानकारी सच्याउनुहोस् र फेरि 'अपडेट' क्लिक गर्नुहोस्)

JCPS बाट इमेलमा पहिले "सदस्यता रद्द" गरेका परिवारहरूले, वा इमेलहरूलाई स्पामको रूपमा रिपोर्ट गरेकाहरूले, भविष्यका इमेलहरू प्राप्त गर्ने छैनन्।

JCPS को पहिलो दिन अगस्त 25 लाई निर्धारित गरिएको छ।

*JCPS लाई अनलाईनमा फेसबुक, ट्विटर, इन्स्टाग्राम र यूट्यूबमा पछ्याउन सकिन्छ।*

# # # **JCPS** # # #